# प्रतिनिधिसभाको शक्ति भ्रमरहित छ

- युवराज संग्रौला

एकाथरी मानिसलाई प्रतिनिधि सभाको संक्रमणकालीन शक्ति प्रति भ्रम रहेको छ। उनीहरू यसलाई कहिले राजनीतिक "घोषणापत्र" र कहिले अन्तरिम संविधानको प्रश्नसँग गाँसेर भ्रमको सृजना गर्दैछन्। उनीहरूको तर्कहरू केवल विषयलाई गम्भीर रूपमा बुझ्न नसक्दा निसृत परिणाम मात्र हुन्।

वैशाख २०६३ को आन्दोलन नेपाल राज्यको इतिहासमा सरकार परिवर्तनको लागि मात्रै गरिएको आन्दोलन होइन। यो राज्य व्यवस्थाको पुर्नसंरचनाका लागि भएको आमूल परिवर्तन पनि हो। शाही निरंकुश सरकारको पतन भएपछि प्रतिनिधि सभाले आन्दोलनलाई यस प्रक्रियाबाट अगाडी ल्याई रहेको छ, जुन प्रक्रिया बेलायती संसदले अनुशरण गरेको थियो।

वर्तमान प्रतिनिधि सभालाई राष्ट्रको सामान्य अवस्थामा कानुन बनाउने निकायका रूपमा मात्र हेर्नुले इतिहासको अवमूल्यन हुन जानेछ। एउटा निरंकुश शक्तिलाई समाप्त गरी राज्यको सार्वभौम सत्ता जनतामा हस्तान्तरण गर्ने क्रममा जनताले प्रतिनिधि मूलक संस्थाको रूपमा स्वीकार गरेको संस्थाका निर्णयहरूलाई आशंकाको घेरामा राख्नुले, प्रतिगमनलाई वैधानिकता प्रदान गर्ने खतरा रहन्छ।

वौद्धिक वर्गले अनुसन्धान र अध्ययनमा समय दिनुपर्ने केही आधारभूत संवैधानिकवादका सिद्धान्तहरूको बारेमा छलफल गरौं। सत्ता संक्रमणका समयमा आन्दोलने २ किसिमका जनादेश प्रतिनिधि सभालाई दिएको छ। (१) निरंकुश शक्तिको विस्थापन गर्ने जनादेश (२) राष्ट्रलाई संगठित राष्ट्रियता र सामाजिक प्रगतितर्फ उन्मूख गर्ने जनादेश। पहिलो जनादेश अन्तर्गत प्रतिनिधि सभाले त्यस्ता सबै किसिमका कानुन र मान्यतालाई घोषणाद्वारा समाप्त गर्न सक्तछ जुन कानुन र मान्यताहरू जनतामा पूर्ण सार्वभौम सत्ता हस्तान्तरणका लागि बाधक हुन्छन्। दोस्रो जनादेश अन्तर्गत प्रतिनिधि सभाले त्यस्ता सबै नीतिगत निर्णयहरू गर्न सक्तछ जसले अब भविष्यमा राष्ट्रले लिनुपर्ने मान्यताहरूको निर्माण गर्दछन्। जनतालाई यस्तो जनादेश दिने शक्ति कहाँबाट प्राप्त छ ? यो प्रश्नको उत्तर राजनीतिक शास्त्र एवं वैधानिक शक्तिको स्रोत सम्बन्धी संविधानवादले फ्रेन्च क्रान्ति देखि नै स्पष्ट गर्दै आएको कुरा हो। संविधानवादको आधारभूत सिद्धान्त के हो भने "जनता नै संविधानका स्रोत हुन र त्यसैकारण उनीहरू संविधान भन्दा सर्वोच्च हुन्छन्।" जनसर्वोच्चता कै कारणले गर्दा, जन आन्दोलनलाई वैधानिक मानिएको हुन्छ। २०४७ सालको संविधानमा पनि थुप्रै सकारात्मक पक्षहरू छन्। यो संविधान सम्झौतामा टुङ्गिएको आन्दोलनको उपज थियो। तर वर्तमान राजाले आफैलाई प्रधानमन्त्रीको स्थानमा विराज गराएर त्यो संवैधानिक व्यवस्थालाई तोडे। अत : २०६३ को आन्दोलन २०४७ को संविधान उल्लंघन गर्ने राजतन्त्रको विरुद्धमा थियो। २०४७ का तीनै सकारात्मक पक्षहरूको संरक्षण गर्दै सार्वभौम सत्ता र राजकीय शक्ति पूर्ण रूपमा जनतामा हस्तान्तरण गनुपर्ने दायित्व पूरा गर्न प्रतिनिधि सभाले गर्ने सबै कार्यहरूले स्वतहः संवैधानिक मान्यता प्राप्त गर्दछन्। यस अर्थमा वर्तमान संविधानको भाग ३ अन्तर्गतका आधारभूत मौलिक हकको संरक्षण गर्नुपर्ने दायित्व र जनतामा शक्ति हस्तान्तरण गर्ने क्रममा प्रतिनिधि सभाले गरेका घोषणाहरू संवैधानिक मात्र हुने होइनन् बरु तिनीहरू त त्यति शक्तिशाली हुन्छन् जसले भावी संविधानका आधारभूत संरचनाहरूको निर्माण गर्दछन्। अतः प्रतिनिधि सभाका घोषणाको वैधानिकतामा शंका गर्ने गरी उठाइएका तर्कहरूको औचित्यता मुलुकी ऐनले स्थापित गरेका कानुनी मान्यता मात्र हुन्। अतः वर्तमान प्रतिनिधि सभाको विघटन अब संविधान सभाको निर्वाचन भएपछि बन्ने संविधान सभामा विलिन भएर मात्र हुनेछ। यदि राजनीतिक सहमतिद्वारा यसलाई व्यवस्थापन गर्ने हो भने अन्तरिम विधानमा यसको उत्तराधिकारीको व्यवस्थ ागर्न सकिनेछ र त्यसलाई जनप्रतिनिधि संस्थाको रूपमा क्रियाशील बनाउन सकिनेछ।

संविधानवादको अर्को आधारभूत सिद्धान्त संविधामा राजनीतिक एवं समाजशास्त्रीय तत्वहरू सक्रिय रहेका हुन्छन् भन्ने मान्यतामा निहित रहेको छ। समाजका प्रत्येक व्यक्ति र समूहको संरक्षण र उनीहरूको समान क्रियाशीलता "राष्ट्रियता" को पक्ष हो र त्यो राजनीतिक तत्व हो। तर कुनै पनि देशको राष्ट्रियता त्यस समाजको सामाजिक प्रगतिमा निर्भर रहेको हुन्छ। सामाजिक प्रगति त्यस समाजले निर्माण गर्ने समतामा आधारित हुन्छ। नेपाली समाजले वहुलतालाई समतामा परिणत गर्न नसकेको र त्यो उद्देश्य पूरा गर्न २०४७ को संविधानमा परिवर्तन गर्नुपर्ने भएबाट संविधान सभामा जान लागिएको हो र संविधान सभामा जानुपर्ने बाटोलाई व्यवस्थित गर्न नै

प्रतिनिधि सभाको पुर्नस्थापना पनि गरिएको हो। सामाजिक प्रगतिद्वारा नेपाली राष्ट्रियताको प्रवर्धन गर्न समावेशी लोकतन्त्रको स्थापना एकातर्फ अपरिहार्य छ भने अर्कातिर राष्ट्रिय राज्यको निर्माण पनि त्यतिकै महत्वपूर्ण छ। वर्तमान प्रतिनिधि सभाले यो उद्देश्य प्राप्तिको लागी जन सम्मेलनको स्वरूप ग्रहण गरेको छ। अतः यसले गर्ने घोषणाहरूको मान्यता संविधानका क्रियात्मक प्रावधान भन्दा माथि मान्यतान्मूख (नरमेटीभ) किसिमका हुन्छन्। यस परिप्रेक्ष्यमा प्रतिनिधि सभाका घोषणाको उल्लंघन गर्ने कार्यले राष्ट्रद्रोहको अपराध सृजना गर्दछन्।

अन्तरिम विधान जारी गर्नुपर्ने माग भईरहेका अवस्थामा त्यस पक्षधरहरूले के बुझ्न आवश्यक छ भने राज्यमा जनताको सर्वोच्चता निर्माणको आन्दोलन चलिरहेको अवस्थामा शक्ति शून्यताको अवस्था सृजना हुनसक्ने खतराको आंकलन गर्न सक्नुपर्दछ। वर्तमान मन्त्रिपरिषद् र प्रतिनिधि सभाले पहिलो चरणमा नेपाली जनताको सर्वाभौमसत्ता र राजकीय शक्तिलाई जनआन्दोलनको नेतृत्व गर्ने वैधानिक राजनीतिक प्रतिनिधिहरूमा सार्ने समय हो। यो प्रक्रिया समाप्त भएपछि मात्र विद्रोही पक्षको संलग्नताको बाटो खुल्छ। प्रतिनिधि सभामा निर्णयहरूद्वारा विद्रोही पक्षसँग वार्ताको अख्तियार सरकारलाई प्राप्त हुन्छ। वर्तमान सरकारले आतंककारीको आरोप फिर्ता लिएपछि वैधानिकता प्राप्त गरेको माओवादी पक्षले यो सरकारको वैधानिकतालाई स्वीकार गर्नु आवश्यक छ। त्यसपछि वार्ताद्वारा उनीहरूका हतियारको व्यवस्थपन, वहुलवादी राजनीतिक व्यवस्थप्रतिको उनीहरूको दृष्टिकोण र प्रतिवद्धतासँगै सरकार र उनीहरू बीचको सम्झौता पछि मात्र अन्तरिम विधानको निर्माण गर्ने चरण सुरु हुन्छ। तत्काल अन्तरिम विधानको निर्माण भई माओवादीलाई वार्ता र सम्झौता पूर्व सरकारमा सरिक गराइयो भने, त्यसले नेपाल र अन्य केही देशका बीचमा गम्भीर कुटनीतिक समस्याको सृजना गर्दछ। अमेरिका लगायत केही अन्तर्राष्ट्रिय संगठनहरूले माओवादी विरुद्धको आरोप फिर्ता लिन सरकारले अनुरोध गर्नुपर्ने हुन्छ र त्यसका लागि पहिला वर्तमान सरकार र माओवादीबीच वार्ता भइ सम्झौता हुनुपर्दछ। अन्तरिम विधानका व्यवस्थाहरू त्यस वार्ताले निर्धारण गर्ने कुराहरू हुन्। वर्तमान संविधानभित्र प्रतिनिधि सभाले अधिकार प्रयोग गर्दै दोस्रो चरणमा प्रवेश गर्ने र त्यसपछि अन्तरिम विधानमा जाने प्रक्रियाका बारेमा प्रष्ट भएर मात्र तर्क वितर्क गर्नु आवश्यक छ। हरेक तर्क र विचारका पछाडि तथ्ययुक्त वैधानिक आधार हुनुपर्दछ। अन्यथा समस्याको समाधान होइन, समस्या जटिल बन्नेछ।

(कान्तिपुर दैनिकमा 'संविधानसभाको शक्ति' शीर्षकमा प्रकाशित, मिति २०६३-२-७)